# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

प.सं./Ref. No.:( ०७६/०७७
च.नं./Des. No.

फोन नं. ०६५-५७२४३६

भिमाद नगरपालिका नगर कार्यपालिका कार्यालय भिमाद, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

मिति : २०७७/०२/२०

## भिमाद नगरपालिकाको अत्यन्त जरुरी सूचना।

| सि.नं. | मिति २०७७/०२/२१ देखि बन्दाबन्दीमा सञ्चालन हुन पाउने क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| १ | बिरामी ओसारपसार गर्ने एम्बुलेन्स/सवारी साधनहरु सञ्चालन हुन दिने | अनुमति आवश्यक नपर्ने |
| २ | औषधि बिक्रिबितरण एवं औषधि ढुवानी सेवा सञ्चालन हुन दिने | |
| ३ | मलामी/क्रियापुत्रीलाई क्रिरियाबस्ने स्थान सम्म पुऱ्याउने सवारी चल्न दिने | |
| ४ | मृतकको दाहासंस्कार गर्ने कार्यमा सकेसम्म न्यून व्यक्तिहरु (बढीमा २५ जना) संलग्न हुने व्यवस्था मिलाई आवतजावत गर्न दिने | |
| ५ | इन्धन बोक्ने सवारी साधनहरु (ग्याँस, डिजेल, पेट्रोल) डिलर वा पेट्रोलपम्प सम्म ढुवानी गर्ने | |
| ६ | विद्युत, सञ्चार, खानेपानी आपुर्ति सेवालाई सुचारु गर्न खटिने प्राविधिकहरुलाई नगरक्षेत्रभित्र आवतजावत गर्न दिने, निजी क्षेत्रका प्राविधिकको हकमा नगरपालिकाको अनुमती आवश्यक पर्ने | कर्मचारी परिचयपत्र आवश्यक पर्ने |
| ७ | स्वास्थ्य तथा अत्यावश्यक सेवामा खटिने (यस नगरपालिकाका कर्मचारी समेत) कर्मचारीहरुलाई आवतजावत गर्न दिने | |
| ८ | सरकारी कामको सिलसिलामा खटिएका संघीय, प्रदेश तथा अन्य स्थानीय तहका कर्मचारीहरु, बैंकका कर्मचारीहरु, शिक्षकहरु | |
| ९ | पशुपंक्षीका दाना, निर्माण सामाग्री तथा अत्यावश्यक खाद्यान्न आयात अपरान्ह २ बजे देखि साँझ ७ बजेसम्म तथा ग्राहकहरुलाई विहान ६ बजे देखि १० बजेभित्र बितरण गरिसक्ने व्यवस्था मिलाउने | |
| १० | यस नगरक्षेत्रभित्र रहेका निर्माण सामाग्री तथा अत्यावश्यक खाद्यान्न आपूर्तिकर्ताहरुलाई देहायको स्वास्थ्य सुरक्षा व्यवस्था मिलाई अत्यावश्यक खाद्यान्न आयात गर्न अनुमति दिने<br>• सवारी चालकले अनिवार्य रुपमा मास्क र पञ्जा लगाउने व्यवस्था गर्ने<br>• सवारी चालकले खाद्यान्न ढुवानी पश्चात आफूले लगाएको लुगा, पञ्जा र मास्क खोलेर अलग्गै राखी साबुनपानीले राम्रोसँग नुहाएर मात्र अन्य क्रियाकलापमा सहभागी हुने<br>• ढुवानी गर्ने गाडीलाई डिसईन्फेक्सन गरेर मात्र ढुवानी गर्ने व्यवस्था मिलाउने<br>• लोड अनलोड गर्ने मजदूरहरुको पर्याप्त स्वास्थ्य सुरक्षा भएको एकिन गरेर मात्र लोड अनलोड गराउने<br>• ढुवानी गर्ने सवारीसाधनमा कुनै हालतमा पनि यात्रु नचढाउने<br>• तनहुँ तथा कास्की जिल्ला बाहेकका स्थानहरुबाट ढुवानी गरी आएका सवारी साधनहरु भिमाद प्रवेश गरी सकेपछि अनिवार्य रुपमा २४ घण्टा सम्म अनलोड नगरीकन सुरक्षित स्थानमा राखी २४ घण्टा पछि मात्र बितरण गर्ने व्यवस्था गर्ने<br>• उल्लेखित मापदण्ड उल्लंघन गर्नेलाई नगरपालिका क्षेत्रमा अर्कोपटक ढुवानी गर्ने अनुमति नदिईने | |

(हस्ताक्षर)
[illegible] सिंह थापा
[illegible] प्रशासकिय अधिकृत

# भिमाद नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

भिमाद, तनहूँ
गण्डकी प्रदेश, नेपाल

प.सं./Ref. No.:( ०७६/०७७
च.नं./Des. No.

फोन नं. ०६५-५७२४३६

भिमाद नगरपालिका नगर कार्यपालिका कार्यालय भिमाद, तनहूँ गण्डकी प्रदेश,नेपाल २०७३

| सि.नं. | मिति २०७७/०२/२१ देखि बन्दाबन्दीमा सञ्चालन हुन पाउने क्रियाकलापहरु | कैफियत |
|---|---|---|
| ११ | अत्यावश्यक खाद्यान्न बिक्रि गर्ने पसलहरु देहायका सुरक्षा प्रबन्ध अनिवार्य रुपमा मिलाई बिहान १० बजे देखि अपरान्ह २ बजे सम्म खुल्ला गर्ने<br>• बिक्रिकर्ताले अनिवार्य रुपमा पञ्जा प्रयोग गर्नुपर्ने,<br>• विक्रीगर्ने वस्तुहरु ग्राहकलाई छुन नदिने,<br>• ग्राहकलाई पसल भित्र पस्न नमिल्ने गरी मजबुत डोरीको घेरा बनाउने<br>• ३/३ फिटको दुरीमा ग्राहक उभिन मिल्ने (Social Distance) व्यवस्था मिलाउने<br>• उल्लेखित प्रबन्ध नगरी खुलेका पसलहरुलाई तत्काल बन्द गरिनेछ । | |
| १२ | भिमाद नगरपालिका तथा छिमेकी पालिकाहरु बौदिकालि, हरिनाश गाउँपालिका तथा रामपुर नगरपालिका र तनहुँ जिल्लाभित्र उत्पादन भएका, तरकारीहरु र कास्की तथा तनहुँमा उत्पादन भएका दुध बेचबिखन गर्न पाउने साथै माछाका भुरा कास्की जिल्लाबाट मात्र ल्याउन पाउने । | |
| १३ | भिमाद नगरपालिका भन्दा अन्यक्षेत्रमा उत्पादन भएका फलफूल तथा चल्ला भित्रिन नदिने तर चौपायाहरु मात्र उत्पादन भएको पालिकाको सिफारिसमा प्रवेश गर्न दिने। | |
| १४ | संघ, प्रदेश तथा स्थानीय तहबाट स्वीकृत भै कार्यान्वयनको चरणमा रहेका योजनाहरु स्थानीय मजदुर प्रयोग गर्नेगरी सञ्चालन हुन दिने स्थानीय बाहेक अन्य क्षेत्रका मजदुरहरु प्रयोग गर्नुपर्ने भएमा नगरपालिकाको स्वीकृति लिई कार्यस्थलमा नै छुट्टै सुरक्षित क्वारेन्टिनमा राखी काममा लगाउने साथै काममा लगाउँदा मापदण्ड अनुसारको सामाजिक दुरी तथा स्वास्थ्य सुरक्षा अपनाउनु पर्ने | |
| १५ | सबै बैंकहरु सार्वजनिक विदाका दिन बाहेक अन्य सबै दिन बिहान १० बजे देखि अपरान्ह २ बजेसम्म खुल्ला गर्ने । | |

थमन सिंह थापा
प्रमुख प्रशासकिय अधिकृत